# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिरांज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४९ सालको ऐन नं १८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्

## वाणिज्य बैंक ऐन, २०३१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : वाणिज्य बैंक ऐन, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले यो ऐन बनाएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "वाणिज्य बैंक (छैठौं संशोधन) ऐन, २०४९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. वाणिज्य बैंक ऐन, २०३१ को दफा ७ मा संशोधन : वाणिज्य बैंक ऐन, २०३१ (यसपछि "मूल ऐन" भनिएको) को दफा ७ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) शेयर होल्डरको मताधिकार शेयरको अनुपात बमोजिम हुनेछ। संचालकहरूको निर्वाचन गर्दा शेयर होल्डरले आफ्नो सबै मत एउटै उम्मेदवारलाई वा एक भन्दा बढी उम्मेदवारलाई आफूले चाहे बमोजिम विभाजन हुने गरी मतदान गर्न सक्नेछ ।

तर संचालक मनोनयन गर्ने अधिकार पाएका शेयर होल्डरले संचालकको निर्वाचनमा मतदान गर्न पाउने छैन।"

(२) उपदफा (६) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "जम्मा" भन्ने शब्दको सट्टा "बिक्री भएको" भन्ने शब्दहरू राखिएका छन्।

३. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को खण्ड (३) मा रहेका "दामासाहीमा परेको" भन्ने शब्दहरू पछि "वा बैंकिङ्ग कारोबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धी कालो सूचीमा परेको" भन्ने शब्दहरू राखिएका छन्।

४. <u>मूल ऐनको दफा १३ मा संशोधन</u> : मूल ऐनको दफा १३ को,-

(१) खण्ड (४) मा रहेको "समितिका" भन्ने शब्दको सट्टा "वा निजको एकाघर परिवारका" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (५) को सट्टा देहायको खण्ड (५) राखिएको छ :-

"(५) संचालक वा निजको एकाघर परिवारका कुनै सदस्य संचालक वा मैनेजिङ्ग एजेण्ट भएको वा निजहरूको वित्तीय स्वार्थ भएको कुनै कम्पनी वा संगठित संस्थालाई कुनै किसीमको कर्जा दिने,

<u>स्पष्टीकरण</u> : "वित्तीय स्वार्थ" भन्नाले संचालक वा निजको एकाघर परिवारका सदस्यले कुनै कम्पनी वा संगठित संस्थाको चुक्ता पूँजीको १० प्रतिशत वा सो भन्दा बढी हुने गरी छुट्टा छुट्टै वा संयुक्त रूपमा शेयर खरिद गरेको रहेछ भने त्यस्तो कम्पनी वा संगठित संस्थामा त्यस्तो संचालक वा निजको एकाघर परिवारका सदस्यको वित्तीय स्वार्थ रहेको मानिने छ।"

(३) खण्ड (६) पछि देहायको खण्ड (७) थपिएको छ :-

४८८



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(७) यो खण्ड लागू हुनु भन्दा अघि कुनै संचालक वा निजको एकाघर परिवारको सदस्य संचालक वा मैनेजिङ्ग एजेण्ट भएको वा निजहरूको वित्तीय स्वार्थ भएको वा निजहरू ग्यारेन्टी बसेको कुनै कम्पनी वा संगठित संस्थालाई दिएको कर्जाको साँवा ब्याज समेत भाखा तोकिएको भए सो अवधि भित्र र भाखा नतोकिएको भए यो खण्ड लागू भएको मितिले तीन वर्ष भित्र असूल उपर गरी सक्नु पर्नेछ।"

५. <u>मूल ऐनको दफा १४ मा संशोधन</u> : मूल ऐनको दफा १४ को उपदफा (१) मा रहेको "एक करोड" भन्ने शब्दको सट्टा "तीन करोड" भन्ने शब्द राखिएको छ।

लालमोहर सदर मितिः– २०४६।६।१४।४

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव



मुद्रकः– मुद्रण विभाग, सिंहदरबार, काठमाडौं ।

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।